दोधारा चाँदनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दोधारा चाँदनी, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल।

प.स.: २०८१।०८२
च.नं.:

## आन्तरिक आय संकलन सम्बन्धी दरभाउ पत्र आह्वानको सुचना

प्रथम पटक प्रकाशित मिति २०८१/०६/२२
दोस्रो पटक प्रकाशित मिति २०८१/०७/१२
तेस्रो पटक प्रकाशित मिति २०८१/०७/२२
चौथो पटक प्रकाशित मिति २०८१/०९/०३

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ बमोजिम यस दोधारा चाँदनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय दोधारा चाँदनी र भीमदत्त नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने महाकाली नदीमा माछा मार्ने कार्यका लागि आ.व.२०८१।०८२ मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुदा देहायमा उल्लेखित शीर्षकमा आन्तरिक आय संकलनको ठेक्का बोल कबोल गर्न नियमानुसार दर्ता भएका फर्मलाई तोकिएको शर्तको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना जारी गरिएको छ।

### ठेक्काको विवरण

| ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम कबोल अंक भ्याट बाहेक | दरभाउ पत्र दस्तुर |
|---|---|---|---|
| आन्तरिक आय ०३/२०८१/०८२ | महाकाली नदीमा माछा मार्ने ठेक्का | २,७९,०००।- | १,०००।– |

### ठेक्का सम्बन्धी शर्तहरु

१. ठेक्काको दरभाउ पत्र खरिद वापत लाग्ने दस्तुर नगदै वा https://sutrarevenue.fcgo.gov.np/ पोर्टल बाट रकम जम्मा गरेको भौचरका साथै संस्था दर्ता प्रमाण–पत्र, कर दर्ता प्रमाण–पत्र (मु.अ.क समेत) र आ.व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहितको निवेदन पेश गरी यस कार्यालयबाट खरीद गर्न सकिनेछ। साथै एउटा फर्मले खरिद गरेको बोलपत्र अर्को फर्मले पेश गर्न पाईने छैन।

२. ठेक्काको दरभाउ पत्र सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्र खरीद गरी ८ औं दिनको १२ बजेसम्म यस कार्यालयमा दर्ता गर्न सकिने छ र दर्ता भएका दरभाउ पत्रहरु सोही दिन २.०० बजे देखि दरभाउ पत्र दार्तावाला वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। तर प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन। दरभाउ पत्र खरीद गर्ने, दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

३. न्यूनतम ठेक्का अंक भन्दा घटी कबोल गरेको, म्याद नाघेको, रित नपुगेको कुनै शर्त राखी पेश भएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन।

४. दरभाउ पत्र दिदां आफुले कबोल गरेको अंकको ५ प्रतिशतका दरले हुने धरौटी रकम नगद वा यस नगरपालिकाको नाममा कृषि विकास बैंक दोधारा चाँदनी शाखामा रहेको धरौटी खाता हि.नं. ०८२३५०१५६३७६७१०८ मा जम्मा गरी सो को सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी गरिएको ७५ दिन म्याद भएको बिडबण्ड दरभाउ पत्रसाथ राखी यस कार्यालयमा बुझाउनु पर्नेछ।

५. दरभाउ पत्र दर्ता गराई सकेपछि संसोधन गर्न पाईने छैन।

६. एउटै फर्मबाट एक भन्दा बढी दरभाउपत्र दर्ता भएको देखिएमा सो फर्मबाट दर्ता भएका सबै दरभाउपत्र नखोली कनै अस्वीकृत गरिनेछ।

७. ठेक्का सम्बन्धी विस्तृत जानकारी कार्यालयबाट वा https://dodharachandanimun.gov.np/ बाट प्राप्त गर्न सकिनेछ र अन्य कुराहरु प्रचलित नियम अनुसार हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत